

नाका खुलेको दुई वर्षसम्म चिनियाँलाई नेपाल प्रवेशमा रोक

आनन्द गौतम
फेलो, सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)

ताप्लेजुङ

कार्तिक २०८३ - कोरोना संक्रमणका कारण २०७६ माघ ५ गतेदेखि बन्द भएको टिपताला भन्ज्याङ नाका २०८१ जेठ ११ मा खुल्यो । फक्ताङलुङ गाउपालिका ७ ओलाङचुङगोलाका ३३ जना नेपाली गलैंचा, छुर्पी लगायतका व्यापार सामग्री लिएर पहिलो चरणमा रिउ बजार पुगे । त्यससँगै अरु नेपाली पनि चिनियाँ नाका गए । यस वर्ष सिमावर्ती क्षेत्रका बासिन्दा मात्र नभएर ताप्लेजुङको सदरमुकाम फुङलिङका थप नेपाली पनि रिउ बजार पुगेर फर्किए ।

झण्डै पाँच वर्षपछि औपचारिक रुपमा खुलेको नाका भएर चीनको डिङ्जे काउण्टीमा रहेका आफन्त भेट्न नेपालमा विवाह गएर आएका सबैजसो चेली चीन पुगेर फर्किए । नेपाल र डिङ्जे काउण्टिका अधिकारी बीच सीमा बैठक पनि भयो । तर चिनियाँ अधिकारीदेखि सर्वसाधारण नागरिक भने नाका खुलेको दुईवर्ष चार महिनासम्म पनि स्थलमार्गबाट नेपाल आएका छैनन् ।

चीनको तिब्बतमा ५०औं बर्षदेखि ब्यापार गर्दै आएका दावा शेर्पाका अनुसार कोरोना महामारी फैलनु अघिसम्म नेपाल आउने चिनियाँ र चीन जाने नेपालीको संख्या बराबर जस्तै हुने गरेको थियो । चिनियाँ अधिकारीदेखि सर्वसाधारण नागरिकसम्म ओलाङचुङगोला र याङसम्म आउँथे । चिनियाँ ब्यापारीहरु त महिना दिनसम्म नेपालका बस्तिमा रहन्थे । नेपालका जडिबुटी लगायतका सामग्री खरिद गरेर लैजान्थे । पशुचौपायको त्यत्तिकै व्यापार हुन्थ्यो । नेपाल आएका चिनियाँले पशु चौपाय किनेर लैजान्थे र चिनियाँ पशुचौपायको पनि किनबेच हुन्थ्यो ।

अहिले चिनियाँ नागरिक नआउँदा ती सबै गतिविधि ठप्प प्राय रहेको छ । नेपालीहरु केवल त्यहाँ रहेका आफन्त भेट्न जाने र फर्कने गरेको फक्ताङलुङ गाउँपालिका वडा नं. ७ का वडाध्यक्ष एवम् नेपाल र चीनका सरकारी अधिकारीबीच समन्वय गराउँदै आएका छेतेन लामा शेर्पा बताउँछन् ।

“मैले २० किलोमिटर ओलाङचुङगोलासम्म आउनलाई अध्यागमन किन चाहिन्छ र भनेर पनि सोधेँ । “त्यसबेला जान्छु भन्ने मान्छे नै छैन भनेर जवाफ दिए,” छेतेनले थपे, “खासमा उता (चीन)बाट त्यहाँको नागरिकलाई अनुमति दिएको छैन । पर्मिट नदिएका कारण नछोडेको चाँहि बुझ्न सकिन्छ ।”

वडाध्यक्ष शेर्पा लामाले भने, “हामीले ओलाङचुङगोलामा बिदेशी नागरिकको तथ्याङक पनि राख्ने गरेका छौं, चिनियाँहरु चाहि एकजना पनि आएका छैनन् ।’ यसको जानकार उनी आफु पनि छैनन् । किन नआएको भनेर चाहि डिङ्जे काउण्टिका प्रशासन प्रमुखदेखि प्रहरी प्रमुखसम्मलाई सोध्ने गरेका छन् । ‘मैले तिमिहरुचाहि किन नआएको भनेर बारबार सोध्ने गरेको छु । पहिला टिपतालमा इमिग्रेसन नभएकाले छोड्न मिल्दैन भन्थे । मैले २० किलोमिटर ओलाङचुङगोलासम्म आउनलाई अध्यागमन किन चाहिन्छ र भनेर पनि सोधेँ । “त्यसबेला जान्छु भन्ने मान्छे नै छैन भनेर जवाफ दिए,” छेतेनले थपे, “खासमा उता (चीन)बाट त्यहाँको नागरिकलाई अनुमति दिएको छैन । पर्मिट नदिएका कारण नछोडेको चाँहि बुझ्न सकिन्छ ।”

टिपताला मात्र नभएर कोरोना महामारी यता स्थलमार्गबाट कुनै पनि चिनियाँलाई नेपाल प्रवेशको अनुमति दिइएको छैन । नेपाल आउन परे हवाईमार्गको प्रयोगलाई अनिवार्य गरिएको छ । चीन प्रवेश गर्न चाहने सीमावर्ती गाउँका नेपालीहरु भने स्थानीय प्रशासनले जारी गर्ने सीमा प्रवेश अनुमति पत्र लिएर ओहोरदोहोर गर्छन् ।



ताप्लेजुङ र चीनको डिङ्जे काउन्टीका अधिकारीहरूबीच भएको औपचारिक सीमा बैठक । तस्बिर: आनन्द गौतम

चिनियाँ पशु चौपाया पनि नेपाल आएका छैनन् ।

यता हाम्रोबाट गएकोलाई पनि पहिला (कोरोना अघि) जस्तो जतातै घुम्न दिएको छैन,' वडाध्यक्ष छेतेनले थपे, "हाम्रोबाट जानेले पास देखाएर जानुपर्छ । निश्चित तोकिएको ठाउँ छ त्यहाँ बस्नुपर्छ । उतावाट आउनेले पनि पास देखाएर मात्रै आउनुपर्छ नियम कानुन बराबरी हुन्छ भनेको थिए ।"

तर नाका खुले यता एकजना पनि आएनन् । अहिलेसम्म एकजना पनि चिनियाँ नआएका कारण वडाध्यक्षको प्रस्ताव कार्यान्वयनमा आएको छैन । "हाम्रो मान्छेहरुलाई चाँहि गलैंचा, घिउ बिक्रि गर्ने हतारो पनि थियो,' छेतेनले थपे, 'नाका खुल्नासाथ यताको सवैजसो मान्छे गएर आफन्त भेटे । उनीहरु (चिनियाँ)लाई हतार नभएको हुनसक्छ ।"

कोरोना संक्रमण अघिसम्म डिङ्जे काउण्टिका जनसरकार प्रमुख, सुरक्षा अधिकारी गाडि नै लिएर ओलाङचुङगोलाको बस्तिसम्म आउने गरेका थिए । 'कतियौं पटक उहाँहरुले यही (ओलाङचुङगोला)सम्म आएर गाडिमा चढाएर यताको मान्छे लिएर जानुभयो,' निवर्तमान वडाध्यक्ष छेतेन शेर्पा भोटेले भने, 'ताप्लेजुङको सिडिओहरुलाई उताको डिएसपी नै आएर यही गोलावाटै गाडिमा लिएर पनि गए । तर अहिलेचाहिँ किन नआएका हुन् हामी पनि अचम्मित छौ ।"

ओलाङचुङगोला, याङमा, घुन्सा, तोक्पेगोलाका बासिन्दा निरन्तर उता जाने गरेका छन् । गलैचा, घिउ, जडिबुटी रिउ बजार पु¥याएर बिक्री गर्छन् । रिउवाट नुन, पिठो, कपडा लगायतका सामान ल्याउने गरेका छन् । तर, चीनका नागरिकलाई आफ्नो बस्तिमा स्वागत गर्न नपाएकोमा चिन्तित छन् ।



तिब्बतको रिउ बजार नजिकै आयोजित मेलामा सहभागी भएका स्थानीय तथा नेपालीहरू। तस्बिर: आनन्द गौतम

ओलाङचुङगोलाकी डोङ्गला शेर्पाले भनिन्, 'सम्बन्ध दोहोरो हुनुपर्ने रहेछ । हामी गएपछि उहाँहरु पनि आउनु भयो भने मज्जा हुने रहेछ । आफु मात्रै जान चाहिँ किन होला जस्तो भन्ने भएको छ ।'यहाँका पशुपालकले चौंरी, याक, नाक बिक्री गर्न पाएका छैनन् । चीनका अधिकारी आए आफ्नो समस्या सुनाउन पाइन्थ्यो र समाधान पनि निस्कन्थ्यो कि भन्ने उनीहरुलाई लाग्ने गर्छ । नुपुले थपे, 'पहिला उहाँहरु आउनु हुन्थ्यो । बस्तिका सवै मानिस भेला भएर खादा लगाइदिएर धुन्ज्याङ (नाचगान) गथ्यौ । हाम्रा राम्रा कुरा पनि सुनाउथ्यौं समस्या पनि सुनाउथ्यौं । समस्यामा उहाँहरुले एउटा निकास दिनुहुन्थ्यो । अहिले त्यो किसिमको दोहोरो सम्बाद हुन पाएको छैन ।'

पाहुनालाई खादा लगाइदिएर गुनासो सुनाउन पाए निकास



तिब्बत पुगेर नेपाली गलैँचा तथा व्यापारिक सामग्रीको खरिद-बिक्रीबारे छलफल गर्दै नेपाली व्यापारीहरू । तस्बिर: आनन्द गौतम

निस्कन्छ भन्ने आकाङ्क्षा सिमावर्ती क्षेत्रका बासिन्दाको छ । सिमानामा प्रशासनिक भवन बनाएको डिङ्जे काउण्टिले बोर्डरमा पुग्ने नेपालका जनप्रतिनिधि, राजनीतिक दल, उच्च पदका कर्मचारी, सन्चारकर्मीलाई स्वागत सम्मान गर्ने गरेका छन् । खाजा र खाना खुवाउने गरेका छन् । उद्योग बाणिज्य संघका निवर्तमान अध्यक्ष नारान थापा आफुहरु टिपताला भन्ज्याङ घुम्न जाँदा पनि राम्रो सम्मान पाएको बताउँछन् । ताप्लेजुङका व्यवसायी सडकको ट्रयाक खुलेपछि आफ्नै सवारी लिएर सिमानासम्म पुगेका थिए । त्यसअघि माओवादी केन्द्रका केन्द्रिय सदस्य एवम् ताप्लेजुङ इन्चार्ज खेलप्रसाद वुढाथोकी, नेपाली काग्रेस जिल्ला कार्य समितिका सभापति गजेन्द्रप्रसाद तुम्याहाङ सहितको टोलीलाई पनि खादा लगाएर आफ्नै प्रशासनिक भवन परिसरमा स्वागत गरेका थिए । ३५ किलोमिटर टाढाबाट गाडिमा खाना ल्याएर उनीहरुलाई खुवाएको सहजकर्ता छेतेन बताउँछन् ।

नाका खुल्नुअघि सिमानामा पुगेका तत्कालिन प्रमख जिल्ला अधिकारी हिरादेवी पौडेल, गोमादेवी चेम्जोङलाई पनि यसरी नै सम्मान गरेका थिए । २०८१ चैतमा प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मा नेतृत्वको टोली चीनको डिङ्जे काउण्टि पुगेर सिमा बैठकमा सहभागी भएर फर्किएका थिए ।

नाका बन्दको अवस्था भएकाले सिमासम्म मात्रै पुगेर फर्किए । प्रजिअ शर्मा नेतृत्वको नेपाल प्रहरी र सशस्त्र प्रहरी प्रमुखको टोलि भनें सिमा रिउमा सिमा बैठक गरेर फर्किए । भर्खर नाका खुलेकाले तपाईहरु किन नआउने भनेर चाहि त्यो बैठकमा कुरा नभएको दोभासे छेतेन बताउँछन् ।

दुई देशका अधिकारी सिमानामा भेला हुँदा ओलाङचुङगोलाका बासिन्दाले पनि खादामाला लगेर सम्मान जनाउने गरेका छन् । टिपताला भन्ज्याङ नाका ५२ सय मिटर उचाईमा छ । प्रशासनिक भवन बनाए पनि चिनियाँ अधिकारी समेत ढुक्कै बस्दैनन् । बोर्डरमा सिसिभिटी क्यामरा राखेर रिउवाट नियमन गर्छन् । पक्की



नेपाली झन्डासहित टिपतालास्थित नेपाल-चीन सीमा स्तम्भमा नेपाली प्रतिनिधिमण्डल । तस्बिर: आनन्द गौतम

सडक भएकाले चिनियाँ अधिकारी रिउबाट बढीमा ४५ मिनेटमा पुग्ने गरेको सिमाका नेपाली बताउँछन् । जिल्ला प्रशासन कार्यालयले यात्रा अनुमति पत्र (पास) जारी गरेका बाहेकका मानिसले जान पाउदैनन् ।

सवारी साधन मार्फत टिपताला भन्ज्याङ पुगेर फर्कन ताप्लेजुङ सदरमुकाम फुङलिङबाट दुई दिन लाग्छ । तर अहिले तत्कालका लागि भनें सडक बिग्रिएकाले यातायात ठप्प छ । सदरमुकाम फुङलिङबाट फोरह्विल गाडिमा एकदिनमा सिमानासम्म पुगिन्छ । जानेले भनें पहिलो दिन सदरमुकामबाट ओलाङचुङगोलाको बस्तिसम्म पुग्ने, दोश्रोदिन सिमानासम्म पुगेर घुमेर बस्तिसम्म फर्कने र तेश्रोदिन सदरमुकाम फर्कने गरेका छन् । बर्खाले सडक बिगारेको र ठाडा खोलामा पानीको बहाव नघटेकाले लेलेपको इलाडाँडादेखि माथि गाडि लिन सकिदैन । तमोर नदीमा बिना पुल दुई ठाउँमा तर्नुपर्ने र खोलामा पानीको सतह नघटेकाले यातायात चल्न मंसिरसम्मै पर्खनुपर्ने ओलाङचुङगोला वडा कार्यालयका कर्मचारी तेन्जिङ वालुङ बताउँछन् । 'यहाँ (ओलाङचुङगोला) आएपछि बाटो रोकियो भने लामो समय यतै बस्नुपर्ने भएकाले गाडिधनीले हमेसा ल्याउनै मान्दैनन्,' उनले भने, 'तमोर नदीमा पनि पानीको सतह नघटेकाले जोङगीन र गोलामाथि तार्नलाई समस्या छ ।' धेरै कठिन हुने सुकेपानीमा भने बेलिब्रिज निर्माण भइसकेको छ ।